यस विभागको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत रहेको साझेदार निकायसँग अन्तर्क्रिया तथा गोष्ठी कार्यक्रमको निरन्तरता स्वरुप यही मिति २०७५।१०।२४ मा काठमाण्डौ उपत्यकाभित्र रहेका नेपाल प्रहरीका विभिन्न अनुसन्धान इकाईमा रहेका अनुसन्धान अधिकृतहरुको लागि सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण विषयको जानकारीमूलक अन्तर्क्रिया कार्यक्रम विभागमा सम्पन्न भएको छ। उक्त कार्यक्रममा काठमाण्डौ उपत्यकाभित्रका नेपाल प्रहरीको अनुसन्धान इकाईहरुमा कार्यरत प्रहरी उपरीक्षकदेखि प्रहरी सहायक निरीक्षक दर्जासम्मका २६ जना सहभागी हुनुभएको थियो । कार्यक्रमको शुरुवातमा विभागका महानिर्देशकले स्वागत मन्तव्य राख्नुभएको थियो भने विभागका निर्देशकहरु श्री विनोद लामिछाने तथा श्री तेजप्रकाश प्रसाईँले विषयवस्तुमा केन्द्रित रही विस्तृत रुपमा प्रस्तुतिकरण गर्नुभएको थियो। प्रस्तुतिकरणको क्रममा तथा सो पश्चात सहभागीहरुले राखेका जिज्ञासाको समाधानका साथै छलफल गर्ने कार्य समेत सम्पन्न भएको थियो।




सम्पत्ति शुद्धीकरण र आतंककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी
ऐतिहासिक पक्ष


PREMIER